विहान ६:०० बजे

बैठक संख्या-१० मिति २०६७।०३।२५

उपस्थिति- श्री भोजराज खतिवडा- कार्यकारी अधिकृत धरपा. न

आज मिति २०६७।०३।२५ गते बिहिवार धरान नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलको निर्णय गरियो ।

(१) यस नगरपालिका कार्यालय मातहतको सरसफाई तथा वातावरण उपशाखा अन्तर्गत नगरको फोहर मैला व्यवस्थापन गर्नका लागि हाल भएका उपकरणहरु केहि पुराना भएका र हाल नगरवासीहरुको सरसफाईको माग पुरा गर्नका लागि थप उपकरणहरु खरिद गर्नुपर्ने भएकोहुँदा सामाजिक विकाश शाखाबाट प्राप्त भएको टिप्पणी तथा इस्टिमेट बमोजिम जगेडाकोषबाट ६०% र नगरपालिकाको कोषबाट ३०% साझेदारी गरी ट्रिपर र सो को सामाग्री राख्ने भागलाई कभर बनाउने गरी अधिकतम रु ३००००००/- (तीसलाख) मात्रको ट्रिपर खरिद गर्न जगेडा कोषमा पठाउने निर्णय गरियो ।

(२) ताप्लेजुङ सुनसरी सरोकार मञ्च धरान ८ ले नक्सा पास दस्तुर छुट गरी पाउ भनी निवेदन दिएकोमा विगतमा पनि सामाजिक संस्थाहरुलाई नक्सापास दस्तुरमा ४०% छुट दिने गरिएकोमा सोही अनुरूप नक्सापास दस्तुरमा मात्र ४०% छुट दिने निर्णय गरियो ।

आजको बैठक विहान १०:०० बजे समापन गरियो।

माइन्युटकर्ता- भक्तिराज शर्मा [signature]

[signature]